Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)

264610

च.नं : MBL/CS/077/78-19

मिति : २०७७/०६/१४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाण्डौ, नेपाल ।

**विषय : वार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज बन्द हुने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०७७/०६/१४ गते अपरान्ह ५:०० बजे बसेको यस बैंकको संचालक समितिको ४२९ औं बैठकको निर्णयानुसार बैंकको बाईसौं वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्नका लागि भिडियो कन्फ्रेन्स (**Virtual Zoom Meeting**) मार्फत निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा जानकारीको लागि अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान :**

| | |
|---|---|
| **सभा हुने मिति** | **: २०७७ साल कार्तिक ६ गते (तदनुसार २२ अक्टोबर २०२०), विहिबार ।** |
| **सभा शुरु हुने समय** | **: विहान ११:०० बजे ।** |
| **स्थान** | **: होटल पोखरा ग्राण्ड, पार्दि, पोखरा, कास्की ।** |

**छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७६/७७ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु पारित गर्ने ।

३. आर्थिक वर्ष २०७७/७८ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरिक्षक जि.पि राजबहाक एण्ड कं. कम्पनी ऐन, २०६३ को दफा १११(३) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(३) बमोजिम पुनः नियुक्ती हुन सक्नु हुने छैन ।)

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम रु.२८,५०,६४,७४४.०० (अर्थात चुक्ता पूँजीको ३.३७ प्रतिशतका दरले) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।

५. सर्वसाधारण समूहका शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३(तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव :**

१. बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु.५९,४६,१६,९३१.०० (अर्थात चुक्तापूँजीको ७.०३ प्रतिशत) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।

Machhapuchchhre Bank Ltd. Head Office



Head Office:
P.O. Box: 12427, MBL Tower, Lazimpat, Kathmandu, Nepal, Tel: +977-01-4428556, Fax: +977-01-4425356, SWIFT: MBLNNPKA, Email: machbank@mbl.com.np, Website: www.machbank.com

MBL-ADM-001

२. माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ती (एक्विजसन) गर्न तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकनका लाग मूल्यांकनकर्ता नियुक्ती गर्न, गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्बन्धी सम्झौता गर्न, बैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. निम्न विषयहरुका सम्बन्धमा बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने,

(क) विषेश प्रस्ताव नं १ बमोजिम जारी गरिने बोनस शेयरको हदसम्म जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने,

(ख) परिवर्तित सन्दर्भमा प्रचलित कानून बमोजिम समय सान्दर्भिक संशोधन गर्ने ।

ग. बिबिध ।

**शेयर दाखिल खारेज बन्द सम्बन्धी :**

- **वार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०७७ आश्विन २२ गते शेयर दाखिल खारेज बन्द रहने छ ।**
- **बैंकको शेयर दाखिल खारेजको काम बन्द हुने दिन अर्थात मिति २०७७ आश्विन २२ गते भन्दा अगाडि नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा कारोवार भई सोको ७ कार्य दिन भित्र यस बैंकको शेयर शाखा, पुतलीसडक, काठमाडौंमा प्राप्त विवरणको आधारमा तथा हितग्राही खातामा कायम भएका शेयरधनीहरुले मात्र सो सभामा भाग लिन, मतदान गर्न र आ.व. २०७६/७७ को बोनस शेयर तथा नगद लाभांश पाउने छन् ।**
- **वार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज बन्द सम्बन्धी सूचना राष्ट्रिय दैनिक पत्रिका मार्फत प्रकाशित गरिने छ ।**

भवदिय,

टिका भट्टराई
कम्पनी सचिव

MachhapuchchhreBank Ltd. Head Office


Head Office:
P.O. Box: 12427, MBL Tower, Lazimpat, Kathmandu, Nepal, Tel: +977-01-4428556, Fax: +977-01-4425356, SWIFT: MBLNNPKA, Email: machbank@mbl.com.np, Website: www.machbank.com